# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः८ | संख्याः ६ | प्रमाणिकरण मितिः २०८२/०५/२०

भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## कडा रोग उपचार सहायता व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**

जीतपुरसिमरा उपमहानगरपलिकाले कडा रोगका लागि उपचार सहायता उपलब्ध गराउने कार्यलाई एकीकृत, वस्तुगत, पारदर्शी एवम् सरल बनाउने सन्दर्भमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ४ तथा केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि वनाई जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "कडा रोग उपचार सहायता व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "उपचार सहायता" भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाका कडा रोग लागेका नागरिकलाई उपचार गर्न दिइने आर्थिक सहायतालाई सम्झनु पर्छ ।

(२) "कडा रोग" भन्नाले मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, अप्लाष्टिक एनिमिया, सिकलसेल एनिमिया, थालिसिमिया, मस्तिष्कघात रोगहरुलाई सम्झनु पर्छ ।

(३) "उपमहानगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपलिका सम्झनु पर्छ ।

(४) "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(५) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(६) "उप-प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(८) "लेखा शाखा प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको लेखा शाखा हेर्ने अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

(९) "जनस्वास्थ्य शाखा प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा हेर्ने अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## आर्थिक सहायता उपलब्ध गराउने प्रकृया

**३.** निवेदन दिनु पर्ने :

(१) उपमहानगरपलिका भित्रका स्थायी बसोबास गर्ने कडा रोग लागेका नागरिकले स्वस्थ्य उपचारका लागि आर्थिक सहायता प्राप्त गर्नको लागि वडा कार्यालय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा चिकित्सकले दिएको प्रेष्किप्शन, उपचारसँग सम्बन्धित कागजात सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्रमुख प्रशासकीय अधिकृतलाई वडा समितिको निर्णय र सिफारिस सहित सोझै सम्बोधन गरी दिन सकिनेछ र प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो निवेदन जनस्वास्थ्य प्रवर्द्धन शाखा मार्फत आवश्यक कारवाहीका लागि पठाउनु पर्नेछ ।

(३) उपचार सहायता पाउनको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमका घातक तथा कडा रोगहरु मात्र लागेको हुनु पर्नेछ ।

**४.** उपचार सहायता उपलब्ध गराईनेः

(१) दफा ३ बमोजिमको निवेदन दिने व्यक्तिलाई वार्षिक विनियोजित बजेटको सीमाभित्र रही दफा ५ बमोजिमको समितिको सिफारिसमा उपचार सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) दफा ३ को उपदफा (१) बमोजिमको निवेदक वा वडा कार्यालय ले सिफारिस गरेको निजको एकाघरको परिवारको सदस्यलाई वा संरक्षकलाई औचित्यताका आधारमा उपचार सहायता उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम उपचार सहायता रकम प्राप्त गर्न नेपालभित्रको अस्पतालमा उपचार गराईरहेको हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम उपचार सहायता अनुसूची-२ को क्र.सं. (१) को समूह-ख मा भए प्रकृतिको रोगको हकमा रु.२५,०००/- (अक्षेरेपी पच्चीस हजार) र सो बाहेकका कडा रोगरहरुको हकमा रु.५०,०००/- (अक्षेरपी पचास हजार) उपचार सहायता उपलब्ध गराईनेछ ।

(५) एकै व्यक्तिलाई यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य प्रकारको आर्थिक सहायता प्रदान गरिने छैन ।

**५. समिति सम्बन्धी व्यवस्थाः**

(१) दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्ने देहाय बमोजिमको एक समिति रहनेछः-

| | |
|---|---|
| क. नगर प्रमुख | - संयोजक |
| ख. नगर उप-प्रमुख | - सदस्य |
| ग. प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| घ. लेखा शाखा प्रमुख | - सदस्य |
| ङ. जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख | - सदस्य सचिव |

जीतपुरसिमरा उपमहानगरपालिका

(२) उपदफा (१) बमोजिमको समितिले प्राप्त निवेदन, सिफारिस र अन्य कागजातको जाँचबुझ गरी आधार, प्रमाण र औचित्यताका आधारमा मात्र रकम खुलाई उपचार सहायता उपलब्ध गराउन अनुसूची-३ बमोजिमको ढाँचामा सिफारिस गर्नु पर्नेछ

## परिच्छेद-३
## विविध

**६. बजेट व्यवस्थापनः** यस कार्याविधि बमोजिम बार्षिक रुपमा उपचार सहायता उपलब्ध गराउन लाग्ने अनुमानित खर्च रकम बार्षिक बजेटमा व्यवस्था गर्नुपर्नेछ ।

**७. अभिलेख व्यवस्थापनः** यस कार्याविधि बमोजिम उपलब्ध गराइएको उपचार सहायता सम्बन्धी अभिलेख जन स्वास्थ्य प्रवर्द्धन शाखाले प्रचलित कानून बमोजिम व्यवस्थित गरी राख्नुपर्नेछ ।

**८. दोहोरो सहायता नदिइनेः**

(१) कुनै पनि व्यक्तिलाई एउटै प्रयोजनका लागि एक पटक भन्दा बढी यस कार्याविधि बमोजिमको उपचार सहायता उपलब्ध गराईने छैन ।

(२) कुनै पनि व्यक्तिलाई एउटै कडा रोगमा एक पटक भन्दा बढी वा दोहोरो पर्ने गरी यस कार्याविधि बमोजिमको उपचार सहायता उपलब्ध गराईने छैन ।

**९. झुठा विवरण पेश गरी सहायता लिन नहुनेः** कसैले झुठो विवरण पेश गरी उपमहानगरपालिका समेतलाई झुक्यानमा पारी उपचार सहायता लिन हुदैन । यसरी उपचार सहायता लिएको पाइएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ र प्रचलित कानून बमोजिम कारबाही समेत गरिनेछ ।

**१०. बाधा अड्चन फुकाउः** यो कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आई परेमा प्रचलित कानून र यस कार्यविधिको प्रतिकूल नहुने गरी कार्यपलिकाको निर्णयबाट अनुसूची-४ बमोजिमको ढाँचामा बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

## अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कडा रोग लागि उपचार सहायता माग गर्दा पेश गर्ने निवेदनको ढाँचा</u>**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
जीतपुरसिमरा उपमहानगरउपमहानगरपलिका

**<u>विषयः-उपचार सहायता पाउँ।</u>**

मलाई कडा रोग लागि उपचार गर्न असमर्थ रहेकोले उपचार सहायता पाउन देहाय बमोजिमको विवरण सहित निवेदन पेश गरेको छु ।यस अघि मैले यस प्रकारको सुविधा प्राप्त नगरेको व्यहोरा अनुरोध छ ।

१. नाम थर र उमेरः

२. स्थायी ठेगानाः

३. परिवार भए को सदस्यको विवरणः

(क) बाबुको नाम थरः

(ख) आमाको नाम थरः

(ग) पति पत्नीको नाम थरः

(घ) छोरा छोरीको नाम थरः

४. सम्बन्धित स्थानीय तहको वडाले गरेको सिफारिसः

५. उपचार सहायता माग गर्नुको कारणः

६. नागरिकताको प्रतिलिपिः

७. बैंक खाता नम्बर र बैंकको नामः

माथि लेखिएको व्यहोरा ठीक साँचो छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

नामः
दस्तखतः
मितिः
सम्पर्क नः

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची -२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**उपचार सहायता प्रदान गरिने कडा रोगहरुको सूची**

(१) मुटु रोग

**समूह "क"** - (BPV+BAV+PTMC, PDA device closer, ASD device closer, VSD/RSOV device closer, PDA stenting, PV perforation + BPV, CAF occlusion, Coarction of aorta balloon dilation, Coarction of aorta balloon stenting, Carotid angioplasty/Peripheral angioplasty, CRT/Combo device implantation लगायतका कडा प्रकृतिका मुटु रोगहरु)

**समूह "ख"** - (CRT, FFR, AICD replacement, CRT replacement, Dual pacemaker implementation, AICD implementation, Coil emobilization, Coronary angiography, RHC, RHC+LHC लगायतका मध्यम प्रकृतिका मुटु रोगहरु)

(२) मृगौला रोग (प्रत्यारोपण र डायलाईसिस)

(३) क्यान्सर

(४) पार्किन्सन्स

(५) अल्जाईमर

(६) स्पाईनल ईन्जुरी

(७) हेड ईन्जुरी – शल्यकृया गर्ने खालको (Major Surgery)

(८) अप्लाष्टिक एनिमिया

(९) सिकलसेल एनिमिया

(१०) थालिसिमिया - Bone Marrow Transplant जस्ता उपचार गरेमा

(११) मस्तिष्कघात - शल्यकृया गर्ने खालको (Major Surgery)

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची -३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## <u>उपचार सहायता सिफारिस</u>

१. निवेदकको नाम र फोन नम्बरः

२. निवेदकको ठेगानाः

३. बैंकको नाम र खाता नम्बरः

४. कारण खुलाउनेः

५. संलग्न कागजातहरु खुलाउनेः

६. सिफारिस गरिएको रकम खुलाउनेः

| | | | | |
|---|---|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत | दस्तखत | दस्तखत |
| संयोजक समित | सदस्य समित | सदस्य समित | सदस्य समित | सदस्य सचिव समित |
| नाम: | नाम: | नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: | पद: | पद: |
| मिति: | मिति: | मिति: | मिति: | मिति: |

**<u>निर्णयः</u>**

माथिको विवरण र सिफारिस समितिको सिफारिसलाई ध्यानमा राखी रु...............................(अक्षरेपी....................................................रुपैयाँ) आर्थिक एवम् मानवीय सहायता दिनु ।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची-४

(दफा १० सँग सम्बन्धित)

**बाधा अड्काउ फुकाउने आदेश**

यस कार्यविधि कार्यान्वयनमा परेका ............................................................................................ विषयको द्विविधा वा बाधा अड्काउको सम्बन्धमा प्रचलित कानून विपरीत नहुने गरी देहाय बमोजिम गर्नेः

(क)...........................................................

(ख)...........................................................

(ग)...........................................................

स्विकृत मितिः..............

आज्ञाले,
शान्तीराज प्रसाई
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका